# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२६,माघ, २०६८


## भित्र




**नवनिर्वाचित अध्यक्षको फिल्ड भ्रमण................. ..........................२**





**साप व्यवस्थापन तथा नेतृत्व विकास तालिम ..........................४**



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# जिल्ला सामाजिक परिवार धादिङको साधारणसभा सम्पन्न

जिल्ला सामाजिक परिवार धादिङको दोस्रो साधारणसभा गजुरी गाविस कार्यालयको समीक्षा हलमा माननीय सिँचाइ राज्यमन्त्री रमणी रामज्यूको प्रमुख आतिथ्य र जिल्ला सामाजिक परिवारका अध्यक्ष चन्द्रबहादुर मगरातीको अध्यक्षतामा सम्पन्न भयो । सामाजिक परिवारहरू क्रियाशील रहेका गाविसहरू रिगाउँ, तसर्पु, थाक्रे, पीडा, गजुरी, कुम्पुर, बेनीघाटलगायत गाविसका प्रतिनिधिहरू गरी ६० जनाभन्दा बढीको सहभागितामा साधारणसभा भएको थियो । साधारणसभाले आगामी २ वर्षका लागि नयाँ कार्य समिति चयन गर्नुका साथै आर्थिक तथा सङ्गठनात्मक प्रतिवेदनहरू पारित गऱ्यो । साधारणसभाका प्रमुख अतिथि माननीय सिँचाइ राज्यमन्त्री रमणी रामले उद्घाटन भाषणको क्रममा तपाईँहरूबाट आज जुन माया र सद्भाव पाएँ, म हर्षले विभोर भएकी छु । म पनि सप्तरी डिमन गाविसको सामाजिक परिवारको कोषाध्यक्ष हुँ, त्यसका माध्यमबाट आज देशको राज्यमन्त्री बन्ने सौभाग्य पाएँ, त्यसका लागि सामाजिक परिवार र समग्रलाई धन्यवाद दिन चाहन्छु । मैले बुझेअनुसार समग्र भनेको गरिब, दलित, पीडित र असहायहरूका लागि बाटो देखाउने संस्था हो । सामाजिक परिवार विपन्न समुदायहरूको बलियो सङ्गठन हो । त्यसैले यसलाई धादिङ जिल्लाभरी फैलाउनुस् साथै जिल्ला सामाजिक परिवारको उन्नति, प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु भन्दै आफ्नो भनाइ पूरा गर्नुभयो । अतिथि तथा गैसस महासंघ धादिङका अध्यक्ष दामोदर अर्यालले शुभकामना मन्तव्य राख्दै २०५६ सालमा






एउटा सार्वजनिक कार्यक्रममा दलितहरूलाई विभेद गरिएको घटनाबाट आफू मर्माहत भई शिक्षक जागिर छोडी गैससंमा आबद्ध हुन पुगेको, समग्रले सामाजिक परिवारमार्फत सञ्चालन गरिरहेको सामाजिक आन्दोलनको तरिकाबाट आफू अत्यन्त प्रभावित भएको विचार व्यक्त गर्नुभयो । त्यसै गरी समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले फिल्डमा लामो समय गरिब र विपन्न समुदायहरूमा काम गर्दाको अनुभवबाट सामाजिक परिवारको अवधारणा ल्याएको र यसबाट देशको समग्र विकास सम्भव हुने भएकाले सामाजिक परिवारको संस्थागत विकासका लागि सबै मिलेर लाग्नुपर्ने र यसलाई नेपालभरी फैलाउनुपर्नेमा जोड दिनुभयो ।

सभाका सभापति चन्द्रबहादुर मगरातीले सामाजिक परिवार भनेको सबै जातजातिलाई समेटेर बनाएको एउटा साझा घर हो, यसमा सबै अट्न सक्छन् । तपाईंहरूले दिएको जिम्मेवारी पूरा गर्न जस्तोसुकै दुःख सहन पनि तयार छु । हामीले च्यौसी-भैलो खेल्नुका साथै अन्य उपायबाट १ लाख ३४ हजार जम्मा गरेका छौं । म मरेर गए पनि यो सामाजिक परिवार फैलेर फुलेर जाओस् यही शुभकामना व्यक्त गर्न चाहन्छु । सभाका सहभागीहरूलाई उपाध्यक्ष बिन्दा थपलियाले स्वागत र सचिव श्याम बिसुन्केले धन्यवाद ज्ञापन गर्नुभएको थियो । ●

## नवनिर्वाचित अध्यक्षको फिल्ड भ्रमण

नवनिर्वाचित कार्यसमितिका अध्यक्ष कञ्चन लामा, कोषाध्यक्ष चमेली प्रधान, सदस्य वीणा सिंहासहितको समूहले धादिङको फिल्ड भ्रमण गरी फिल्डमा सञ्चालन भएका कार्यक्रमहरूको प्रभावकारिता अध्ययनका साथै सामाजिक परिवारका सदस्यहरूसँग सामूहिक भेटघाट तथा अन्तरक्रिया छलफल गऱ्यो । उहाँहरू धादिङको तसर्पुको दामेचौरमा आयोजना गरिएको सामाजिक परिवारहरूको भेलामा सहभागी भई त्यहाँ जम्मा भएका मखमली, जनज्योति, पालुवा, श्रमजीवी, लालीगुराँस, मङ्गलटार, चक्रदेवी गरी ७ वटा साप र थाक्रेका थाक्रे कालिका, काउले, रैराङ जलदेवी गरी ३ वटासहित १० वटा सामाजिक परिवारका प्रतिनिधिहरूसँग छलफल/अन्तरक्रिया गर्नुभयो । छलफलका क्रममा सापका सहभागीहरूले सापको स्थापनापछि आफ्नो गाउँमा थुप्रै परिवर्तन भई मानिसहरूको जनजीवनमा फाइदा पुगेको विचार व्यक्त गरेका थिए । उनीहरूका अनुसार सामूहिक बचतले आयआर्जन कार्य र घरायसी खर्च जुटाउन साहुसँग ऋण लिन नपर्ने भएको, बिरामी, सुत्केरी र मृत्यु हुँदा सबै मिलेर सघाउने गरिएको, गाउँघरमा हुने झै-झगडामा कमी आएको, आफ्नो हक-अधिकारका बारेमा थाहा भएको, सेवादायी निकायहरूमा स्रोतसाधन जुटाई गाउँमा बिजुली बत्ती, बाटो, खानेपानी जस्ता आवश्यक विकासका कामहरू गर्न सकिएको, एक-आपसमा सामाजिक एकता, सद्भाव बढेको जस्ता धेरै उपलब्धिहरू भएको जानकारी गराए ।
यसै गरी अध्यक्ष कञ्चन लामाले तराईका सिरहा, सप्तरी र उदयपुरमा क्रियाशील सामाजिक परिवारका सदस्यहरूसँग



उनीहरूको गाउँ-बस्तीमा पुगेर भेट्ने, उनीहरूले गरेका कामहरू, भोगेका समस्याहरूका बारेमा सुन्ने उद्देश्यका साथ विभिन्न सामाजिक परिवारहरूका प्रतिनिधिहरूसँग भेटघाट, छलफल गर्नुभयो। लहान क्षेत्रीय कार्यालय, सप्तरी र उदयपुरमा कार्यरत कर्मचारी तथा स्वयम्सेवकहरूसँग बसी फिल्ड क्षेत्रमा काम गर्दा पर्न गएका कठिनाइ, समस्या र आवश्यकताहरूको जानकारी लिनुका साथै आवश्यक सल्लाह सुझाव दिनुभयो। उहाँका साथमा कार्यकारी निर्देशक डोरनाथ न्यौपाने संलग्न हुनुहुन्थ्यो ।

सामाजिक परिवारसँग भेट्ने क्रममा सिरहाको सीतापुर गाविसका ७ वटा सापसँग अन्तरक्रिया भयो । मिलन सापका अध्यक्ष कागोदेवी दासले साप गठन हुनुपूर्व र पछिको तुलना गर्दै भन्नुभयो, “पहिला महिलाहरूलाई कुनै सभा सम्मेलनमा बोलाइँदैनथ्यो, पुरुषहरूका भेलामा हामी टाढाबाट लुकेर कुरा सुन्थ्यौं। सापको गठन भएपछि महिनाको एक पटक अनिवार्य भेला हुन थाल्यौं। आफ्ना समस्या छलफल गर्न लाग्यौं, समग्रको आयोजनामा सञ्चालन भएको मानवअधिकार तालिम लियौं । मानवअधिकारका बारेमा थाहा भएपछि छुवाछुतसहित विभिन्न विभेदहरू हटाउने बारेमा छलफल गर्‍यौं । दाइजो प्रथा, महिलामाथि हुने हिंसा, कुटपिट, शोषणका विरुद्धमा भेला गर्‍यौं । अहिले त गाविसस्तरीय भेला, सभा र बैठकहरूमा हामीलाई सहभागी गराउन थालेका छन् ।



सरकारी कार्यालयहरूबाट सेवासुविधाहरू लिने तरिका थाहा पायौं, त्यसबाट फाइदा लिन सक्ने भयौं।” दलित उत्थान सामाजिक परिवारकी अध्यक्ष श्यामोदेवी दासले थपिन्, “अहिले जातीय छुवाछुत धेरै घट्यो, बचत गर्न थाल्यौं। माँ दुर्गा सापका सोमनीदेवी रामले पहिला हामीमाथि ठूलो भेदभाव गरिन्थ्यो । मेरी छोरीलाई स्कुलका सरले छुट्टै बेन्चमा बस्न लगाउँथे । हामीले सामाजिक परिवार गठन गरेपछि भेदभावविरुद्ध जुलुस निकाल्यौं, नारा लगायौं । त्यसपछि सम्मान व्यवहार गर्न थालेका छन् । एउटै बेन्चमा अरूसरह बस्न दिने भएका छन् ।”



अर्को भेटघाट सप्तरी पिप्रा पश्चिममा भयो। त्यस भेलामा ११ वटा सापका सदस्यहरू सहभागी भए ।

मधेस-तराई र पहाडका सदस्यहरूले एकै स्वरमा भने, “हाम्रो गाउँ हाम्रै मिहिनेतले स्वर्ग जस्तो बनाएका छौं । पुराना ती अप्ठ्यारा दिनहरू अब गए । मेलमिलाप, सहकार्य, सहभागितामा हामी सँगै हिंडेका छौं। सामाजिक परिवार हाम्रो आफ्नै संस्था हो । यसलाई जोगाउने र हुर्काउने जिम्मा हाम्रो नै हो भन्नेबारे हामी प्रस्ट छौं ।” मनकामना सापका अध्यक्ष रामबहादुर मगरले भने, “समग्र आएर काम गरेको देखेपछि र हाम्रो सङ्गठनको कामबाट प्रभावित भई डकाउ र अन्य संस्थाले विभिन्न तालिमहरू दिने गरेको छ । हामीले पनि सरकारी कार्यालयबाट बंगुरपालनका लागि पाठाहरू र खेतबारीका लागि बोटबिरुवा ल्याएका छौं। नदी नियन्त्रणका लागि तार-जाली ल्यायौं । म विदेश नगएर आफ्नै गाउँमा तरकारी खेती गरी उता जानेले भन्दा राम्रो कमाइ यहीं गरेको छु । यो भेलामा हर्दिया, दौलतपुर र पिप्रा पश्चिम गाविसका सामाजिक परिवारका सदस्यहरू जम्मा भएका थिए । यो छलफलमा सहभोजको पनि आयोजना गरिएको थियो। भोजमा पहाडीया बाहुन र तराई दलितहरू सँगै बसेर खाना खाएको देख्दा लाग्थ्यो यहींबाट सिक्नुपर्छ । नेपालीहरूको प्रेम, सद्भाव र एकताको प्रतिबिम्ब थियो त्यो

भोज । महाँलक्ष्मी सापकी अध्यक्ष डिकुरा पोखरेलले सबैलाई धन्यवाद दिँदै भेलाको समापन गरिन् ।"

भेटघाटका क्रममा उदयपुरको सुन्दरपुर गाविसमा सगरमाथा, रोशनी र लक्ष्मी सामाजिक परिवारका सदस्यहरूसँग अन्तरक्रिया भयो । जुन बैठकमा मुस्लिम र मुसहरहरू पनि सहभागी थिए । त्यसै गरी कोशी नदीले प्रभावित कमलपुर, बदमम्म, घोघनपुर, ओदरहा, जगदपुर र पूर्वी पिप्रामा सञ्चालित सामाजिक परिवारका सदस्यहरू, स्थानीय शिक्षक, समाजसेवीहरूको सहभागितामा छलफल गर्दा कोशीटप्पु वन्यजन्तु आरक्षणभित्रका हात्ती, अर्ना, बँदेल तथा अन्य वन्यजन्तुहरूबाट मान्छे मार्ने, घाइते बनाइदिने, बालीनाली खाइदिने, नष्ट गर्ने, घर भत्काइदिने आदि नोक्सानी पुऱ्याउँदै आएका बारेमा छलफल गर्न आयोजना गरिएको बैठकमा सहभागी भई स्थानीय जनताहरूको आवाजलाई सुन्ने काम भयो। यो समस्या गाउँलेको वा एउटा गैरसरकारी संस्थाले मात्र समाधान गर्न नसकिने हुँदा पीडित जनताहरू, राजनीति



दलका जिल्लाका प्रतिनिधिहरू, सरोकारवाला संस्थाका प्रतिनिधि र पत्रकारहरूको उपस्थितिमा कोशीटप्पु वन्यजन्तु आरक्षणबाट पीडित जनताका लागि सार्वजनिक सुनाइ कार्यक्रम जनता प्रावि पूर्व पिप्रामा सम्पन्न गर्ने निर्णय गरियो । फिल्डबाट फर्किएपछि आफू असाध्यै प्रभावित भएकाले साँच्चै विपन्न समुदायमा उपलब्धिमूलक काम भइरहेको अध्यक्ष कञ्चन लामाले बताउनुभयो ।●

## सामाजिक परिवार व्यवस्थापन तथा नेतृत्व विकास तालिम

धादिङ जिल्लाको तसर्पु गाविस भवनमा २ दिने साप व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न भयो । तालिममा तसर्पु गाविसका ८ वटा र थाक्रे गाविसका ४ वटा गरी १२ वटा सामाजिक परिवारहरूका अध्यक्ष, सचिवलगायत सदस्यहरू गरी महिला २० र पुरुष ८ जनासहित २८ जना सहभागी थिए । सहभागीहरू सबै जनजाति समुदायबाट आएका थिए। तालिममा सामाजिक परिवारको बैठक सञ्चालन, पदाधिकारीको काम, कर्तव्य र अधिकार, सञ्चार, समन्वय र सहकार्य, विवाद समाधान, नेतृत्व विकास, गरिबी निवारण कार्यक्रम, विभिन्न सेवादायी निकायहरूसँगको सम्बन्ध स्थापित आदि विषयमा समग्रका कार्यक्रम अधिकृत अमर अधिकारी, धादिङ जिल्ला संयोजक कवि पुडासैनी, सामाजिक परिचालक सुभद्रा तामाङले प्रशिक्षण दिएका थिए । तालिमको समापनका अवसरमा गरिबी निवारण कोषका कार्य प्रबन्धक ओमप्रसाद पौडेल उपस्थित हुनुहुन्थ्यो । उहाँले सहभागीहरूसँग गरिबी निवारण कार्यक्रमको उपलब्धिका बारेमा अन्तरक्रिया गर्नुभयो । सहभागीमध्येका श्रमजीवी सापका सदस्य साइँली तामाङले सामाजिक परिवारका माध्यमबाट हामीहरूको जीवन स्तरमा निकै सुधार आएको बताइन् । त्यसै गरी समुदायमा लगानी भएको बीउपुँजी हाम्रो मूल धन भएको र त्यसलाई सबैले पालो-पालो सञ्चालन गरी आयआर्जन कार्य गर्दै आएकाले त्यसलाई मास्न नदिने प्रतिबद्धता व्यक्त गरिन् । यसै गरी री गाविसमा पनि २ दिने साप व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न भयो । तालिममा १२ वटा सामाजिक परिवारका महिला ६ र पुरुष १२ गरी १८ जना सहभागी थिए । ●

